# लुम्बिनी विकास बैंक लि. का परिवर्तनशील ब्याजदर भएका आवधिक प्रकृतिका कर्जा प्रयोग गर्ने ग्राहकहरुलाई अत्यन्त जरुरी सुचना

यस लुम्बिनी विकास बैंक लि. को परिवर्तनशील ब्याजदर भएका कर्जाहरुमा बैंकको प्रकाशित आधार दरमा तोकिएको प्रतिशत प्रिमियम दर थप गरि कायम हुन आउने वार्षिक ब्याजदरले कर्जा तथा सुविधामा ब्याज गणना गरिने र हरेक त्रैमास समाप्त भएपछि प्रकाशित हुने पछिल्लो त्रयमासीक औसत आधारदर (Base Rate) मा तोकिएको प्रिमियम दर (Interest Premiun Rate) थप गरि नयाँ ब्याजदर निर्धारण गरिने तथा बैंकको त्रयमासीक औसत आधारदरमा हुने उतारचढावको कारणबाट त्रयमासीक औसत आधार दर जतिले परिवर्तन हुनेछ सोही अनुपातमा प्रत्येक त्रैमासिकमा कर्जाको ब्याजदर समेत समायोजन तथा संशोधन भई आवधिक प्रकृतिका कर्जाहरुको कर्जाको भुक्तानी तालिका अनुसारको समान किस्ता रकममा पनि उतारचढाव हुने हुदाँ परिवर्तनशील ब्याजदर भएका कर्जाको हकमा कर्जाको ब्याजदर बढेमा कर्जा स्वीकृत गर्ने समयमा निर्धारण गरिएका किस्ता रकम यथावत कायम गरि कर्जाको समयावधि तथा किस्ता संख्या थपिने वा वृद्धि हुने ब्याज रकम अन्तिम किस्तामा समायोजन गरिने र त्यस्तै, ब्याजदर कम भई कर्जाको समयावधि तथा किस्ता संख्या घट्न गएमा पनि कर्जा स्वीकृत गर्ने बेलामा निर्धारित किस्ता रकम नघटाइने व्यवस्था यहि मिति २०७८ साल फाल्गुन महिना देखि लागु गरिएको हुदाँ यस लुम्बिनी विकास बैंकका परिवर्तनशील ब्याजदर भएका आवधिक प्रकृतिका कर्जा प्रयोग गर्ने कर्जा ग्राहकहरुलाई सोही बमोजिम कर्जा भुक्तानी गर्नुहुन यसै सुचना द्वारा सुचित गरिन्छ ।

यस सन्दर्भमा थप जानकारी आवश्यक भएमा यहाँहरुले कर्जा कारोबार गर्नुभएको सम्वन्धित शाखा कार्यालय वा यस बैंकको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन पनि अनुरोध गर्दछौ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**केन्द्रिय कार्यालय**
**सनराइज बिज पार्क, डिल्लिबजार काठमाडौ.**
**फोन नं. ०१- ४४१३२३२, ४४२१६९६, ४४२१६९८**